# नेपाली साहित्य समालोचनामा रीति सिद्धान्त

*रामचन्द्र भट्ट*

नेपाली साहित्यमा समालोचना गर्नु पर्दा दुई प्रकारका पद्धतिहरू पाइन्छन् । आधुनिक नेपाली साहित्यका समालोचकहरूले पूर्वीय पद्धतिभन्दा पश्चिमी पद्धतिलाई आत्मसात् गरेर नेपाली साहित्यका विविध विधाहरूलाई समालोचना गर्ने गर्दछन् । विशेष गरी पूर्वीय परम्पराका काव्यहरूलाई समालोचना गर्नुपदा पूर्वीय समालोचना पद्धति या सिद्धान्तलाई नियाल्नु पर्ने हुन्छ । त्रि.वि.को नयाँ पाठ्यक्रम स्नातकोत्तर तहको दोस्रो पत्रका रूपमा संस्कृत काव्यशास्त्रका आधारभूत मान्यताको परिचय दिने क्रममा पूर्वीय काव्य तत्त्व र त्यसका पाँचवटा प्रमुख सिद्धान्तहरू पाठ्यक्रममा निर्धारित गरिएका छन् । निर्धारित पाठ्यक्रममध्ये रीति सिद्धान्तको पाठ्यांश एकाइको पूर्तिको लागि तदपेक्षित अध्ययन सामग्री यहाँ प्रस्तुत गरिएको छ । यहाँ संस्कृत काव्यशास्त्र भन्नाले पौरस्त्य समालोचना पद्धतिलाई जनाउँछ त्यही नै पूर्वीय समालोचना भन्ने शब्दबाट पर्यायवाचीका रूपमा प्रयोग गरेको पाइन्छ । (भरतमुनिदेखि लिएर पण्डितराज जगन्नाथसम्मका आचार्यहरूले प्रतिपादन गरेका पूर्वीय समालोचना पद्धतिलाई संस्कृत काव्यशास्त्रका (Poetics) नामले परिचित गराइएको छ भनी बताइन्छ)

पूर्वीय समालोचना पद्धतिमा विभिन्न साहित्यिक सम्प्रदायहरू (School of Opinions) प्रचलित छन् । ती सम्प्रदायहरूले देखाएका विभिन्न साहित्यिक सिद्धान्त जसलाई रूढ अर्थमा प्रायोगिक समालोचना र व्यापक अर्थमा साहित्य सिद्धान्त पनि भन्ने गरिन्छ । यस्ता सम्प्रदायहरू जसले विभिन्न सिद्धान्तहरूलाई प्रतिपादन गरे ती सिद्धान्तहरूबाट पूर्वीय समालोचना प्रणाली विकसित गरिएको छ । यी सम्प्रदाय या प्रणालीहरूले काव्यको पूर्वीय दृष्टि अनुसार समालोचना गर्ने विधिलाई दर्शाएका छन् । यी सम्प्रदायहरू क्रमशः यी हुन् :-

(१) रस सम्प्रदाय (भरत ई. पू. २)
(२) अलङ्कार सम्प्रदाय (भामह छैटौं शतक)
(३) रीति सम्प्रदाय (वामन आठौं शतक उत्तरार्ध)
(४) ध्वनि सम्प्रदाय (आनन्दवर्धन नवौं शतक)
(५) वक्रोक्ति सम्प्रदाय (कुन्तक दशौं शतक)
(६) औचित्य सम्प्रदाय (क्षेमेन्द्र एघारौं शतक)

यी सम्प्रदामध्ये मुख्य सम्प्रदाय अलङ्कार र ध्वनि मात्र हुन् भन्ने केहीको भनाइ छ भने मूल सम्प्रदायमा रसलाई पनि समावेश गरी तीनवटा सम्प्रदाय नै सबैले मानेका छन् । सामान्यतः यी उपर्युक्त छ : सिद्धान्तहरूमध्ये नेपाली साहित्य समालोचनामा अन्यतम उपयोगी, रीति सिद्धान्त बारे यहाँ प्रस्तुत लेखमा संक्षेपमा विवेचना गरिन्छ ।

रीति सिद्धान्तका प्रवर्तक वामन नामका आचार्य हुन् । भरतले प्रकारान्तरले बीज रूपमा निर्दिष्ट गरेको र भामह, वाण र दण्डीद्वारा प्रारूप निर्देशित रीतिसूचक सरणीलाई यिनले सम्प्रदायको रूपमा प्रवर्तन गरे ।

**वामनको परिचयः** यिनी आठौं शताब्दीका कश्मीरका राजा जयापीडका मन्त्री थिए भनने भनाइ छ । राजतरङ्गिणी (४/४/९७) भन्ने ग्रन्थमा "मनोरथः शखदत्तः..." भन्ने श्लोकमा जयापीड राजाका मन्त्रीमध्ये यिनी अन्यतम मन्त्री थिए भन्ने उल्लेख पाइन्छ । यिनले प्रस्तुत रीतिवादी चिन्तनलाई काव्य सम्प्रदायको रूपमा प्रवर्तन गरे । यिनले "काव्यालङ्कार सूत्र" नामक कृति लेखी कवि प्रिया नामको वृत्ति पनि बनाई पूरा ग्रन्थ पाँच अधिकरण नामक खण्डमा विभाजित गरे । नसमा अधिकरणहरू बेग्लाबेग्लै अध्यायमा विभाजित छन् । यी जम्मा १२ अध्याय

३१९ सूत्रहरू र २५० पद्यमा उदाहरणहरू छन् । जसमा काव्यको अधिकारी, काव्यको स्वरूप, काव्यको दोप गुण, अलङ्कार आदिको विवेचना छ ।

पौरस्त्य समालोचना परम्परालाई तीन कालमा विभाजन गर्न खोज्दा (क) ध्वनिपूर्व काल, (ख) ध्वनिकाल र (ग) ध्वनि उत्रवर्ती कालमध्ये प्रस्तुत रीति सिद्धान्त ध्वनिपूर्ववर्ती कालमा पर्दछ । रीतिवादी चिन्तनको विकास क्रममा यसको पूर्व रूपलाई पनि हेर्नुपर्ने हुन्छ । जसअनुसार यसको प्रारूप यस्तो छ-

**रीतिको प्रारूप**- आचार्य भरतले ई.पू. प्रथम (द्वितीय ?) शताब्दीमा नाट्यशास्त्रको रचना गरेका थिए । यिनको नाट्यशास्त्रमा रीतिको पूर्वरूप प्रवृत्ति भन्ने शब्दबाट परिचित गर्न सकिन्छ । प्रवृत्तिका अतिरिक्त काव्यका दशवटा गुणहरूको पनि उल्लेख पाइन्छ । प्रवृत्ति भनेको भाषा र वेषभूषालाई लिइएको छ । प्रवृत्तिरिति कस्माद् । पृथिव्यां नानादेशवेशभापाचारवार्ता: ख्यापयतीति प्रवृत्ति: (भरत) । आवन्ती, दाक्षिणात्या, औड्मागधी र पाञ्चाली नाउँका यी चारवटा प्रवृत्तिहरूको विवेचना नाट्यशास्त्र (Dramaturgy) मा पाइन्छ । यी प्रवृत्तिहरूलाई वामनको रीति सिद्धान्तको प्रारूपको प्रारूप (पूर्व रूप) मानिन्छ । यस नाट्यशास्त्रमा प्रवृत्तिको व्यापक अर्थ लिइएको भए पनि त्यसअन्तर्गत भाषाको ग्रहण भएकाले साङ्केतिक रूपमा भए पनि प्रवृत्तिबाट रीतिको बोध हुनसक्छ (पूर्वीय साहित्य सिद्धान्त-उपाध्या) । अर्को कुरा के छ भने भरतले दशवटा दोषहरूको अभावरूप गुणहरूलाई दशैवटा मानेको पाइन्छ (नाट्यशास्त्र १६/९७) । जुन गुणहरू वामनका रीतिका मूल आधार बन्न पुगेका छन् । छैटौं शताब्दीमा भामहले वैदर्भ र गौडीय काव्यलाई रीति चिन्तनको प्रारूपमा विकसित गरेको पाइन्छ । भामहले भरतको दाक्षिणात्य प्रवृत्तिको ठाउँमा वैदर्भ काव्य र औड्मागधी (पूर्वी प्रदेश) को ठाउँमा गौडीय काव्यको निर्देश गरेको देखिन्छ । विशेष गरी भामहले अर्थगाम्भीर्यलाइ जोड दिएर काव्य भेद या मार्गको भेद गरेको देखिन्छ । भामहको काव्यलङ्कारमा रीतिसम्बन्धी कुरामा वेदर्भ र गोडा काव्यका नामले छुट्याएको छ । उनले वैदर्भ र गौडको अन्तर नगरेर अर्थगाम्भीर्य र अर्थसौष्ठवलाई महत्व दिएका छन् । वैदर्भमा स्पष्टता, सरलता र कोमलता हुन्छ । तर त्यो कुरा श्रुतिमधुर संगीतमा पनि पाइन्छ । यदि अर्थगाम्भीर्य र बक्रोक्ति छैन भने त्यो सत्काव्य हुन सक्दैन । गौडीय काव्य पनि श्रेष्ठ हुन्छ यदि त्यसमा अर्थगाम्भीर्य र वक्रोक्ति छ भने त्यो नभए वैदर्भ मार्ग पनि उत्तम हुँदैन । ग्राम्यतारहित अलङ्कारयुक्त अर्थवान्, न्यासङ्गत र अनाकुल रचना गौडीयमा छ भने त्यो पनि ठीक हुन्छ । यी गुणहरू नभएको रचना वैदर्भ भए पनि असल भन्न सकिंदैन । वैदर्भ र गौडीय भनेर उत्तम र अनुत्तम काव्य छुट्यायन उक्तिसङ्गत ठानेन् । अर्को शब्दमा भामहले गुणयुक्त वैदर्भी र गौडीलाई महत्व दिएका छन् । उनको भनाइ छ "गौडीयमिदमेतत्तु वेदर्भमिति किं पृथक् ?"

भामहपछि वाणभट्ट (सातौं शताब्दी पूर्वार्ध) ले हर्षचरित नामक गद्य महाकाव्यमा- श्लेष, अर्थगाम्भीर्य, उत्प्रेक्षा र शब्दाडम्बरयुक्त शैलीलाई त्यस प्रदेशको साहित्यिक शैलीको प्रयोगको आधारमा रीतिवादी चिन्तनलाई औंल्याएको पाइन्छ । वाणको उक्ति:- "श्लेषप्राय मुदीच्येपु प्रतीच्येष्वर्थमात्रकम्, उत्प्रेक्षा दाक्षिणात्यषु गौडेष्वक्षरडम्बर: ॥"

वाणपछि दण्डी (सातौं शताब्दी उत्तरार्ध) ले रीतिवादी चिन्तनलाई रीतिको प्रारूपको रूपमा विवेचना गरेका छन्- जस्तै- अस्त्यनेको गिरा मार्ग: सूक्ष्म भेद: परस्परम्, तत्र वैदर्भ गौडीयौ वर्ण्यते प्रस्फुटान्तरौ (का.द. १/४८) भन्ने उक्ति अनुसार कविका वाणीमा अनेक मार्ग छन्, तथापि व्यवहारमा वैदर्भ र गौडीय मुख्य गरी दुई मार्ग दर्शाइन्छन् भनी बताए । दण्डीले मार्ग (रीति) लाई काव्यको आत्मा मानेका छैनन् तापनि यिनले रीतिवादको रूपरेखा तयार गरे । दण्डीले वैदर्भ तथा गौडीय दुईटा मार्गहरू बताएका छन् । वैदर्भलाई दाक्षिणात्य र गौडीयलाई पौरस्त्य मार्ग पनि बताए । वैदर्भलाई सर्वगुणसम्पंन्न र गौडीयलाई साधारण रूपमा भनेका छन् । भामहले भने दुबैमा भेद नमानी नाम भेद मानेका छन् ।

रीति सिद्धान्तको प्रवर्तन- ईश्वी सन् ७००-८०० शताब्दीको अन्तरालमा दण्डीले पृष्ठभूमिका रूपमा तयार पारेको रीतिवादी चिन्तनलाई वामनले काव्यशास्त्रमा साहित्य समालोचनाको सम्प्रदायको रूपमा स्थापना गरे । वामनले रीतिलाई काव्यको आत्मा बताए । काव्यलाई परिभाषित गर्दा उनले स (काव्यशब्दोयम्) दोष गुणालङ्कार हानादानाभ्याम् अर्थात् अलङ्कार या सौन्दर्यको उद्‌भावना दोषको त्याग र गुण तथा अलङ्ककारको ग्रहण गर्नाले हुन आउँछ । अलङ्कार भनेको सौन्दर्यकोउद्‌भावना दोषको त्याग र गुण तथा अलङ्कारको ग्रहण गर्नाले हुन आउँछ । अलङ्कार भनेको सौन्दर्य हो । यहाँ वामनले अलङ्कार शब्दको प्रयोग रूपक उपमालाई नलिएर सौन्दर्य पक्षलाई नै प्रधान रूपमा लिएका छन् । उनको काव्यको परिभाषा उनको सूत्रवृत्तिमा यस्तो छ- काव्यशब्दोऽय गुणाल-्कारसंस्कृतयोः शब्दार्थयो वर्तते । अर्थात् सुन्दर शब्दार्थ युग्म नै काव्य हो । दोषको निवृत्ति र गुण तथा अलङ्कारबाट काव्यमा सौन्दर्य प्रकट हुन्छ । अतः सुन्दरताको उपादान हो - दोषहान तथा गुणालङ्काराऽऽदान । यिनका सूत्रमा उल्लेख भएका यी सूत्रहरू पठनीय छन्- काव्यं ग्राहयमलङ्कारात् १/१/१, सौन्दर्यमलङ्कार" १/१/२, यहाँ करणव्युत्पत्तिले पुनः अलङ्कार शब्दले सौन्दर्यको अतिरिक्त उपमादिलाई पनि दर्शाउँछ । सौन्दर्यको उद्‌भव रचनाविन्यासबाट सम्भव हुन्छ । यिनले रीतिका सम्बन्धमा काव्यालङ्कार शब्दले सौन्दर्यको अतिरिक्त भन्ने ग्रन्थमा आफ्नो रीतिवादी धारणालाई अभिव्यक्त गरेका छन् । उनको अनुसार "रीतिरात्मा काव्यस्य, विशिष्टा पदरचना रीतिः, "विशेषो गुणात्मा" सा त्रेधा वैदर्भी, गौडीया, पाञ्चाली च" (काव्यालङ्कार सूत्र १/२/९) । विदर्भादिपु दृष्टत्वात्तत्समाख्या १/२/१० ।

उपर्युक्त सूत्रहरूमा प्रतिपादित विचार अनुसार काव्यको आत्मा रीति हो । रीति भनेको विशेष प्रकारको गुणयुक्त पदरचना हो । विशिष्ट भन्नाले यहाँ गुणहरू आत्मा झैं मुख्य तत्त्वका रूपमा पदरचनामा रहेको हुनुपर्ने अनिवार्यतालाई देखाउँछ । वामनको मतमा शब्द र अर्थको दोषाभाव नै गुण हो । सौन्दर्यको उद्‌भव रचना विन्यासबाट सम्भव हुन्छ । वामनको रीतिवाद पाश्चात्यशास्त्रीहरूको सौन्दर्यशास्त्र र अभिव्यन्जनावादसँग तुलनीय छ । रचना तत्त्वका प्राथमिक एकाइ पक्ष भनेका शब्द र अर्थ हुन् । त्यसमा गुण पनि अपेक्षित हुन्छन् । दशवटा शब्द गुण र अर्थगुणको यसमा व्यवस्था गरिएको छ । गुण शब्दार्थका धर्म हुन् भन्ने यी कुराहरू वामनले अभिव्यक्त गरेका छन् । वामन अनुसार दशवटा शब्द गुणहरू यी हुन् (दण्डीका पनि यिनै थिए ।): श्लेष, प्रसाद, समता, माधुर्य, सुकुमारता, अर्थव्यक्ति, उदारता, ओजः, कान्तिर समाधि । अर्थगुण पनि यिनै दशवटा हुन् । भामहले तीनवटा मात्र गुणहरूको उल्लेख गरेका छन् ।

मूलतः गुणहरूलाई वामनले शब्द र अर्थका आधारमा विभाजन गरी गुणहरूले नै रीतिमा शब्दसौन्दर्य र अर्थ सौन्दर्य भर्ने प्रमुख भूमिका खेलेको हुन्छ भन्ने विचार प्रकट गरेका छन् ।

**प्रदेशपरक, गुणपरक र कविस्वभावपरक रूपमा रीतिको विकास** : आचार्य भरतले प्रादेशिक रूपमा रीतिको कल्पना गरे । भामहले नामकरण प्रदेशको आधारमा गरेका छन् भने मार्गको मूल्याङ्कन गुणका आधारमा पाइन्छ । यिनी यहाँ द्वैध रूपमा देखापर्छन् । वाणले प्रवृत्ति या मार्ग नभनी श्लेष शैली, उत्प्रेक्षा आदि भाषिक शैलीलाई दर्शाएका छन् । यिनले पनि प्रादेशिक आधार लिएका छन् । दण्डीले गुणपरक दृष्टिले रीतिको चिन्तन गरे । कुन्तकले प्रदेशपरक विभाजन नगरी कविस्वभावकपरक दृष्टिले रीतिको विभाजन सुकुमार मार्ग, विचित्र मार्ग र मध्यम मार्गका रूपमा बताए । वामले स्थानीयतादेखि माथि उठाएर रीतिको विभाजन गरेका छन् । अंशतः उनको स्वीकृति- प्रदेशपरक पाइन्छ । उनको सूत्रमा 'विदर्भादिषुदृष्टतवात्तत्समाख्या' भन्ने पाइन्छ । यी रीतिहरू त्या-त्यस ठाउँमा बढी प्रचलित मात्र हुन् तिनको प्रयोग अन्यत्र पनि छ भनी बताएका छन् ।

**वामनसम्मत रीतिको परिभाषाः** "रीतिरात्मा काव्यस्य" आदि माथि बताइएको छ । साहित्यप्रदीपकारले वामनको रीतिसम्बन्धी मतलाई अनुसरण गर्दै यसरी व्यक्त्याएका छन् ।

"रीतिवादी वामनको दृष्टिमा शब्दका गुम्फन विशेष काव्य हो । शब्दहरूको विशिष्ट गुम्फन शैलीस्वरूप रीति नै त्यसको (काव्यको) प्राण हो । त्यसैले काव्य सजीव देखिन्छ । "मालीले गुम्फनकलाले माला गजराहरूको उत्कर्ष गराएझैं काव्यमा पनि सौन्दर्य गराउने शब्दगुम्फनको शैली नै जीवन हुन्छ ।" प्रकारान्तरले रीति, पदरचनाको त्यो प्रकार हो जो दोषरहित, गुणको अनविार्यता र सकेसम्म अलङ्कारयुक्त पनि भएको हुनुपर्छ । यसको लागि कुशलतापूर्वक पदहरूको चयन (पद वाक्य आदिमा) र क्रमपूर्वक सजावट गरी राख्नुपर्ने हुन्छ । त्यसो गर्न सकेमा काव्यमा सौन्दर्य तत्त्वको आविर्भाव हुन्छ । त्यही सौन्दर्य तत्त्व काव्यको आत्मतत्त्व हो । यही कुरालाई वामनले रीतिरात्मा काव्यस्य' भन्ने सहितका तीनवटा सूत्रहरूले विवेचना गरेका छन् । काव्यमा दोष छोड्नुपर्ने हुन्छ । वामन अनुसार त्यस दोषको लक्षण "गुणविपर्ययात्मनो दोपाः (२/१/१) भन्ने' सूत्रानुसार शब्द र अर्थको (उभयात्मकस्वरूप काव्यका) शोभाकारक धर्म (नित्य सम्बन्धित) गुण हुन् । वामनका दृष्टिमा गुणको परिभाषा यही हो । यसैलाई उल्टाएर हेर्दा शब्द र अर्थको दोषा भाव नै गुण हो भनी बताएको पाइन्छ (त्रि.वि. स्नातकोत्तर तह संस्कृत काव्यशास्त्रको अध्ययन शीर्षकको कार्यपत्र- २०५७- ठाकुर पराजुली) । तिनै गुणहरूले काव्यलाई शोभा दिन्छन् । काव्य सौन्दर्यका कारणहरू शब्दगत र अर्थगत गुणहरू हुन् (उक्त कार्यपत्र) जसले रचनाविन्यासलाई आकर्षक बनाउँछन् ।

**वामनसम्मत रीतिका भेद र तीनका आधार :** वामनले वैदर्भी, गौडी र पाञ्चाली गरेर तीनवटा रीति बताएका छन् । तिनको आधार गुणहरूलाई लिइएको छ ।

**वामनका शब्द गुण र अर्थ गुणहरू**

**शब्द गुणहरू**

ओजः प्रसादश्लेषसमतासमाधिमाधुर्यसौकुमार्योदारताऽर्थव्यक्तिकान्तयो बन्धगुणाः ॥४॥

यी शब्द गुणहरूको परिचय वामनले यसरी दिएका छन् :

(१) गाढवन्धतवमोजः ॥३/१/५॥
(२) शैथिल्यं प्रसादः ॥३/१/६॥
(३) मसृणत्व श्लेषः ॥३/१/११॥
(४) मार्गाभेदः समता ॥३/१/१२,,
(५) आरोहावरोहक्रमः समाधिः ॥३/१/१३॥
(६) पृथक्पदर्त्व माधुर्यम् ॥३/१/२१॥
(७) अजरगठत्वं सौकुमार्यम् ॥३/१/२२।
(८) विकटत्वमुदारता ॥३/१/२३ ॥
(९) अर्थव्यक्तिहेतुत्त्वमर्थव्यक्तिः ॥३/१/२४॥
(१०) औज्ज्वल्यं कान्तिः ॥३/१/२५॥

वामनले यसरी नै अर्थ गुणहरूको दर्शन पनि बेग्लै दृष्टिले प्रस्तुत गरेका छन् । जो यसप्रकार छः

(१) अर्थस्य प्रौढिरोजः ॥३।२।२॥
(२) अर्थवैमल्य प्रसाद ॥३।२।३॥
(३) घटना श्लेषर ॥२।२।४॥
(४) अवैषम्य समता ॥३।२।५॥ (सुगमत्व वा ऽवैषम्यमिति '३।२।६॥)
(५) अर्थदृष्टि समाधिः ॥३।२।७॥
(६) उक्तिवैचित्र्य माधुर्यम् ॥३।२।११॥
(७) अपारुष्य सौकुमार्यम् ॥३।२।१२॥

(८) अग्राम्यत्वमुदारता ॥३।२।१३॥

(९) वस्तुस्वभावस्फुटत्वमर्थव्यक्तिः ॥३।२।१४॥

(१०) दीप्तरसत्वं कान्तिः ॥३।२।१५॥

शब्द गुणमा पद रचनाको सश्लिष्ट संगठनमा ओज, शिथिल संगठनमा प्रसाद, अनेक अर्थ जहाँ एक पदबाट लाग्छ त्यहाँ श्लेष, शैलीको एक समानता समता, चढाव र उतारको क्रम समाधि, समास सहित पद प्रयोग माधुर्य, कठोरताको अभाव सौकुमार्य, जहाँ वर्ण नृत्य गरेझैं लाग्छ उहाँ उदारता, स्पष्ट अर्थव्यक्ति, नवीनता र चमकमा कान्ति ।

शब्द गुण र अर्थ गुणको मूल सूत्रार्थलाई विद्वान्हरूले अलि फरक गरी अर्थ्याएका छन् । ती सबै अर्थहरू ग्राह्य छन् । अर्थको दृष्टिले यिनै दश गुणहरूको व्याख्या अर्के छ । जस्तै- अर्थको प्रौढता ओज । अनेक विशेषताहरूको संगठन श्लेष, विषमताको अभाव समता, अर्थको विशेषता समाधि उक्ति वैचित्र्य माधुर्य, परुषताको अभाव सौकुमार्य, ग्राम्यत्वहीनता उदारता, स्पष्टार्थतालाई अर्थव्यक्ति र रसको दीप्तिलाई कान्ति भनियो ।

वामनले प्रत्येक शब्दगुण र अर्थगुणको रचनालाई उदाहरणसहितका पद्यहरू आफ्ना काव्यलङ्कार नामक ग्रन्थमा प्रस्तुत गरेका छन् ।

परवर्ती आचार्यहरूले वामनका उक्त गुणहरूलाई तीनवटा गुणहरूमा सीमित राखेका छन् । ती गुणहरू माधुर्य, ओज र प्रसाद हुन् । यिनै गुणहरूका आधारमा रीतिहरूको भेद गरिएको पाइन्छ ।

माधुर्य भनेको 'चित्तद्रवीभावमयो ह्लादो माधुर्य मुच्यते' । त्यसको क्षेत्र क्रमशः सभोगे, करुणे, विप्रलम्भे, शान्तेऽधिक क्रमात् (सा.द. ८।२) ।

ओजगुण भनेको चित्तको विस्तृतीकरण रूप हो । त्यसको क्षेत्र 'ओजश्चित्तस्य विस्तार रूप दीप्तत्वमुच्यते । वीरबीभत्सरौद्रेपु क्रमेणाधिक्यमस्य तु' अनुसार वीरबीभत्सरौद्रमा ओजोगुण अधिक प्रभावशाली हुन्छ ।

प्रसादगुण भनेको छिटो अर्थस्फुरण हुने र सकेसम्म अन्वयको अपेक्षा नराख्ने हुनुपर्छ । 'चित्त व्याप्नोति यः क्षिप्र शुष्केन्धनमिवानलः । सः प्रसादः समस्तेपु रसेपु रचनासु च ॥' यो गुण सम्पूर्ण रस र रचनामा उपयोगी रहन्छ ।

यिनका व्यन्जक शब्दहरूको आधारमा नै यी गुणहरूको रचना हुन्छ ।
रीतिका भेदक तत्वहरूः- गुणहरूका अतिरिक्त समास र वर्णविन्यास हुन् ।
(यी गुणहरूका पनि व्यञ्जक शब्दतत्त्वहरू बेग्लाबेग्लै छन् ।)

**वैदर्भी रीति (माधुर्य गुण)**ः- यसमा समास नभएको सुकुमार पद या वर्ण माधुर्यादि सबै गुणहरू हुन्छन् । वामनका अनुसार कान्तिगुणको अन्तर्गत रस पर्छ भन्ने मत छ । समग्रगुण वैदर्भी १।२।११, साऽपि समासाभावे शुद्धवैदर्भी १।२।२० । जस्तै-

(क) चिम्लीलोचन दीर्घकालतपमा, खोलेर वासन्तिका ।
नाच्दै सुन्दरतालले पवनमा देखी फुलेकी लता ।
बिर्से झैं भन को ? तिमी ? यति भनी गौरी रुलाईकन ।
मुस्काएर फुल्याउँदा शिव दिऊन् कलयाणको चुम्बन ॥ (शाकुन्तल)

(ख) खबर सुनी (नि) तुरन्त, जानकीको पनि मन भो सँग जान मानि-नीको ।
बुझिसकि पनि चन्द्रको प्रवास, रहिरहला किन चन्द्रिका प्रकाश । (सोमनाथ)

गौडी (ओजोगुण):- यसमा कठोर पदको योजना, धेरै समास र ओजो गुण रहेको हुन्छ। "ओजः कान्तिमती गौडीया" १।२।१२। जस्तै-

(क) प्रकोपमय अग्निको भृकुटि धूम लेखासरी
जटा पटल राप झैं विकट दृष्टि झिल्का गरी।
कुठार अति तेजिलो सुमसुम्याउँदै हातले।
भने चट्पटाउँदै, कटकटाउँदै दाँतले। (सोमनाथ)

(ख) गड्क्यो रावणको पटापट महाहङ्कार हङ्कारको
जोडा राघवको चटाचट धनुष्टङ्कार ठङ्कारको। (सोमनाथ)

**पाञ्चाली:-** (प्रसाद गुण) यसमा मध्यम मार्ग अपनाइएको छ। "माधुर्य सौकुमार्योपेता पाञ्चाली" (१।२।१२)। जस्तै-

(क) भाषा सागर रत्न हो, झिलिमिली छाती छचल्काउँदै
स्वर्गैलाई समाउने सुनहला सौन्दर्यका छालमा।
यो ढुङ्गे तटमा सिपी सजल नै फ्याँक्दो छ रित्ता सब
पारवार ध्वनि प्रगूढ यसमा गुँज्छन् भने तुष्ट छु। (शाकुन्तल)

वैदर्भी र गौडी जस्तो गरी पाञ्चाली र लाटीलाई छुट्याउन सजिलो छैन्। अर्को कुरा नेपाली कवितामा गौडीमा संस्कृतमा झैं दीर्घ समासको लक्षण पनि सम्भव हुँदैन। "समग्रगुणा वैदर्भी" भनिएको छ तर आलोचकले ओजः गुण माधुर्यको साथ कसरी सम्भव छ भनी प्रश्न गर्दछन्।

वैदर्भीमा सबै गुणहरू हुन्छन् भने गौडीमा कुनै कुनै मात्र हुन्छन् अथवा प्रायः वैदर्भी गुणको विपर्यास हुन्छ। (वामनले गुणलाई जवानीको साथ तुलना गरेका छन्। जवानी या सुरूप भएकी नारीलाई मात्र अलङ्कार पहिर्याएर शोभा दिन्छ। यदि जवानी या सुरूप भएकी नारी छैनन् भने अलङ्कारले स्वभा दिँदैन)। तसर्थ काव्यमा गुण नै मुख्य हुन्छ। अलङ्कारहरू त गुणपछिका हुन्छन्। वामनको मतमा गुण र अलङ्कारमा यस सूत्रले भेद बताउँछ- "काव्यशोभायाः कर्तारो धर्माः गुणाः। तदतिशयहेतवस्त्वलङ्काराः।" अलङ्कार विना पनि काव्य हुन सक्तछ तर रीति विना काव्य हुँदैन।

कालान्तरमा सम्मटले रीतिको ठाउँमा उपनागरिका, परुषा, कोमला जस्ता शब्दरचनालार्य वृत्तिको नाम दिएर उल्लेख गरेका छन्। जो वृत्ति शब्द उद्भटले प्रयोग गरेका थिए।

## रीति र अलङ्कारको सम्बन्ध

काव्यको आत्मा रीति हो। अलङ्कार भनेको गुणको पछिबाट काव्यलाई अझ अलङ्कित पार्ने गुण हो। वामनले अलङ्कारलाई काव्य शोभा गर्ने तत्त्वका रूपमा मानेका छन्।

"वामनका सूत्रमा- "काव्यशोभायाः कर्तारो धर्माः गुणाः।"
"तदतिशयहेतवस्त्वलङ्कराः।"
"पूर्वे नित्यागुणाः तैर्विना काव्यशोभाऽनुपपत्तेः ॥३।३॥"

यी सूत्रहरूले गुणको र अलङ्कारको भेद दर्शाएका छन्। जसमा गुणपछि अलङ्कारको स्थान आउँछ।

**रीति र गुणको सम्बन्ध**

रीति र गुणको परस्पर सम्वन्धलाई देखाउँदा रीति काव्यको आत्माको स्थानमा आउँछ भने गुणचाहिँ अझ रीतिको पनि भित्री तत्त्व बताएको छ । गुणका आधारमा रीतिहरू निर्धारित हुन्छन् । यसैले रीतिका नियामक तत्त्वहरू गुण नै हुन् । यसबाट काव्यको भित्री तत्त्व (रीतिको पनि मूल तत्त्व) पहिलो र गुण र त्यसबाट बन्ने रीति दोस्रो स्थानमा देखापर्छ । किनभने वामनले रीतिरात्मा काव्यस्य, विशिष्टा पदरचना रीति, "विशेषो गुणात्मा" भनी पदरचनामा विशेष गुणयुक्त हुनाले नै रीतिले काव्यको सजीवता पाउँछ भन्ने कुरा प्रष्ट पारेका छन् । त्यसैकारण गुणहरू काव्यमा शोभाकारक तत्त्व हुन् र गुण काव्यका नित्य धर्म पनि हुन् । गुणबाट नै रीति निर्माण र रीतिमा सौन्दर्य आश्रित हुन्छ । काव्यमा गुणको स्थान (महत्त्व) वारे वामन भन्छन्-

> "युवतेरिव रूपमङ्गकाव्य स्वदते शुद्धगुण तदप्यतीय ।
> विहितप्रणय निरन्तराभिः सदलङ्कारविकल्पकल्पनाभिः ॥१॥
> यदि भवति वचश्च्युत गुणेभ्यो वपुरिव यौवनवन्ध्यमङ्गनायः
> अपि जनदायितानि दुर्भगत्व नियतमलङ्करणानि सश्रयन्ते ॥२॥ (काव्यालङ्कार सूत्र १।२ को वृत्ति श्लोक १,२)

याहाँ उक्त पद्यको आशय हो- कविले गुणलाई जवानी र सुरूपको प्रतीक दिएका छन् । यौवना नभएकालाई अलङ्कारले मात्र शोभा गर्दैन । शोभा कारक तत्त्वहरू मूलतः गुणहरू नै हुन् ।

**वामनको उत्तरवर्ती रीतिको स्वरूप**

(१) **रीति र संघटनाः-** वामनकोआत्मास्थानीय रीति परवर्ती कालमा आएर वाह्य तत्त्वका रूपमा देखापर्छ । वामनको आत्मवादी दृष्टिलाई यहाँ देहवादी रूपमा परिणत भएको पाइन्छ । आनन्दवर्धनले रीतिलाई संघटना भन्ने नाम दिएका छन् बाह्य रूपमा वाच्यवाचक चारुत्वहेतुः मानिएको छ भने राजशेखरले रीतिको नाउँमा वचनविन्यासक्रमः भन्ने नामकरण गरेका छन् । कुन्तक र भोजराजले रीतिलाई मार्ग भनेका छन् । ममटले रीतिलाई वृत्ति भनेका छन् । जसअनुसार वैदर्भी र उपनागरिका, परुषा र गौडी, पाञ्चाली र कोमला वृत्ति समान छन् । "वृत्तिर्नियतवर्णागतो रसविषयोव्यापारः" । विश्वनाथले पदसंघटना रीति रंगसंस्था विशेषवत् उपकर्तृरसादीनाम् (साहित्यपदर्पण ९।१) भनेर पदसंघटनालाई रीतिको रूपमा विवेचना गरेका छन् । कुन्तकको दृष्टिमा काव्यलाई रीतिमा विभाजन गरी उत्तम र अनुत्तम भन्ने संगतयुक्त हुँदैन । किनभने काव्य कविप्रतिभाजन्य हुन्छ ।

(२) **रीति र शैलीः-** दण्डीले "इतिमार्गद्वयंविन्नं तत्त्वस्वरूप निरुपणात् । तद्भेदास्तु नशक्यन्ते वक्तुं प्रतिकविस्थिताः ।" (काव्या दर्श) भन्ने कारिकामा भने अनुसार यहाँ हरेक कविमा रहने विशेषता भनेको शैलीको सूचक हो । कुन्तकले पनि रीतिलाई अप्रत्यक्ष रूपमा शैलीको संकेत गरेका छन् । विश्वनाथको कथनमा पनि रीति शैलीको परिचायक हो । शैली शब्द शीलबाट बनेको र शील शब्दको अर्थ स्वभाव भएको हुँदा कवि-स्वभावको आधारमा गुम्फित रचना विशेष शैली नै हो । रीति प्रकारान्तरले निजात्मक शैली हो । शैलीशब्द अलिव्यापक दृष्टिले हेरिन्छ । वाणले उत्प्रेक्षा आदि भाषा प्रयोग शैलीको उल्लेख गरेका छन् । आधुनिक दृष्टिले समालोचकहरू रीतिलाई शैलीको पर्यायका रूपमा प्रयोग गर्न उपयुक्त ठान्दैनन् । प्राचीन आचार्यहरू भने रीतिलाई शैलीका रूपमा पर्यायवाची सम्भन्छन् । आधुनिक नेपाली काव्यशास्त्रले रीतिका स्थानमा शैली शब्द स्वीकार गरेको पाइन्छ । जो अंग्रेजीको 'स्टाइल' को अनुकरण हो । अंग्रेजी स्टाइल (Style) शब्दको रूपमान्तर शैली हो । शैली भनेको

> विचारको परिधान र अभिव्यक्तिको पद्धति हो । बफनका अनुसार शैली नै व्यक्ति हो । समाति हुँदा रीति र शैलीमा अन्तर छन् तापनि शैली बढी व्यापक [illegible] [illegible] । रीतिमा भाषातत्त्वको प्राधान्य छ भने शैलीले व्यक्ति पक्ष (आत्मपरक र वस्तुपरक भाषाको स्वरूप) लाई अँगाल्दछ ।

पाश्चात्यका दृष्टिमा अरस्तुको वाद शैली र साहित्य शैली पाइन्छन् । डिमेट्रियसका शैलीका चार भेद जस्तै- एलिगेंट (सुन्दर), प्लेन (प्रसादयुक्त), फोर्सिबिल (ओजस्वी) र एलीवेटिड ( उदारता) मध्ये पूर्व तीनवटा उपर्युक्त माधुर्य, प्रसाद र ओज तीन थरिका रीतिसँग मेल खान्छ ।

**रीतिका आधार**

गुणहरू नै मूलतः वैदर्भी आदि रीतिका आधार हुन् जसबिना तिनीहरूको स्वरूप निर्धारण गर्न सकिँदैन ।

**रीतिको वर्गीकरणको आधार**

(१) समास-रुद्रटका अनुसार ।

(२) गुण- दण्डीका अनुसार ।

(३) अलङ्कार र प्रदेश- वाणका अनुसार ।

(४) वैचित्र्यादि- कुन्तकका अनुसार ।

(५) देशविशेषको आधार - भरत र वाण ।

**रीतिको संख्याको विकासक्रम**

रीतिको प्रारूप प्रवृत्ति र काव्यभेदका रूपमा क्रमशः वामन र भामहका विचारहरू माथि प्रस्तुत गरिए । वामनले तीन प्रकारका रीतिहरू, रुद्रटले लाटी नामको एउटा रीतिलाई थपे, विश्वनाथले चारवटा रीतिहरू उल्लेख गरेका छन् । भोजले ६ वटा रीतिहरूको चर्चा गरेका छन् । उनले आवन्ती र मागधी दुईवटा थप कृतिहरूलाई कल्पना गरे ।

**रीति सिद्धान्तको समीक्षाः (मूल्याङ्कन र उपलब्धि)**

वामनका दृष्टिमा रीति पूर्ववर्ती र उत्तरवर्ती आचार्यभन्दा बेग्लै छ । रीति साधन नभएर साध्य नै हो भन्ने विचार वामनले प्रस्तुत गरेका छन् । जबकि उत्तरवर्ती दृष्टिमा रीति काव्यको देहवादी रूपमा र साधन मात्र बन्न पुगेको छ । मम्मट र विश्वनाथले रीतिलाई काव्यको आन्तरिक तत्त्वबाट हटाई काव्यको बाह्य रूपमा राखे । वामनले रीतिभित्र अलङ्कार आदिलाई पनि समावेश गर्न खोजेका छन् । रसलाई कान्ति अर्थगुणभित्र समेटेका छन् । "काव्यग्राह्यमलङ्कारात्" भन्र काव्यलाई उपादेय गराउने सौन्दर्य दोषको त्याग र गुणहरूको ग्रहण गर्नाले हुन्छ भन्ने कुरा दर्शाइएको छ । प्रभावका दृष्टिले यो रीति सिद्धान्त अद्यापि साहित्यकार र समालोचकका लागि प्रयोगमा देखापरेकै छ । रीति सम्प्रदायको परम्परागत रूपमा वामनको समयमा नै रहेको थियो ।

रीति सिद्धान्तको उपयोगी र उपलब्धिबारे टुङ्ग्याउनीमा भन्नुपर्दा जुनसुकै रचना पनि सरल, कठिन र मिश्रितका भेदले उपर्युक्त वैदर्भी आदि रीतिहरूको प्रयोग गर्ने परम्परा र प्रचलन, नेपाली साहित्यका फाँटमा पनि साहित्यविदहरूमा प्रचलित नै छ । वामनको यो रीतिवादी सिद्धान्त रचनाका क्षेत्रमा सौन्दर्यवादी (Aesthetics) का दृष्टिले अध्ययन गर्न सकिन्छ ।

**सन्दर्भ कृतिसूची**

उपाध्याय, केशवप्रसाद (२०४५), *पूर्वीय साहित्य सिद्धान्त* (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०१९), *नेपाली साकुन्तल* (दो.सं.), *नेपाली शाकुन्तल,* काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति ।

पराजुली, ठाकुरप्रसाद (२०५७), *संस्कृतिको अध्ययन, काव्यशास्त्र,* अप्रकाशित स्नातकोत्तर कार्यपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

भट्ट, रामचन्द्र (२०५६), *पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झकल* (केही पक्ष), ललितपुर : सगरमाथा फाइनान्स सहकारी लि. ।

वामनाचार्य (२०४४), *काव्यलङ्कार सूत्राणि* (तृ.सं.), व्याख्याकार डा. बचन झा, वाराणासी : चौखमव संस्कृत संस्थान ।

शर्मा, ऋषभदेव (२०२०), *काव्यमञ्जरी,* (द्वि.सं.), भोटाहिटी : पुस्तक केन्द्र ।

शर्मा, सोमनाथ, (२०२८), *साहित्य प्रदीप,* (दो.सं.), काठमाडौं-विराटनगर : पुस्तक संसार ।

सिग्देल, सोमनाथ (२०२८), *आदर्शराघव,* (तृ.सं.), विराथनगर : पुस्तक संसार ।